सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक

# शुभम सन्देश

Shubham Sandesh

National DAILY दैनिक

वर्ष : ५ अंक : ७ २०७९ साल, असोज १० गते सोमबार, Monday 26 Sep, 2022 मूल्य रु. ५/- पृष्ठ : ४

## बद्नाम गराउनलाई मात्र बिपक्षिहरु म माथि आरोप लगाएको : मेयर कलवार



बारा, ९ असोज ।

बारा जिल्लाको इतिासिक स्थल सिम्रौनगढ नगरपालिकाको कार्यालयमा केही दिन अगाडी बिधार्थीहरु द्वारा भएको तोडफोडको बिषयमा नेपाली कांग्रेस बाट निर्वाचित वडा अध्यक्षहरुले शुक्रवार पत्रकार सम्मेलन गरी मेयर माथि वाडा अध्यक्षहरुले बिभिन्न आरोप लगाएका थिए । सोही आरोपहरुको खण्डन तथा प्रतिक्रिया दिनको लागि आफ्नै सभा हलमा नगर प्रमुख किशोरी प्रसाद कलवारले आइतवार पत्रकार सम्मेलन गरेका छन ।

यही असोज ४ गते शैक्षिक भ्रमणका लागि रकम माग्न पुगेका बिधार्थिहरुको समुहले नगरपालिकाको कार्यालयमा तोडफोड गरिएको थियो र सो घटनामा नगरपालिका कार्यालयको ८५ लाख ७० हजारको सम्पति नस्ट भएको घटना एकदमै निन्दनीय रहेको छ र घटनामा संलग्न व्यक्तिहरु माथि कडा भन्दा कडा कार्यवाही समेत हुने मेयर कलवारले बताउनु भएको छ । नगरपालिका आफ्नै सभा हलमा नेपाली कांग्रेस बाट निर्वाचित वडा अध्यक्षहरु अवधेश सहनी, राजकुमार यादव, अजिउलाह अन्सारी, शिव मंगल कुशवाहा, अर्बिन्द मुखिया, दिनदयाल मुखिया, रामएकवाल प्रसाद यादव लगायतकाले यही असोज ८ गते शुक्रवार पत्रकार सम्मेलन गरेर मेयर किशोरी प्रसाद कलवारले एकलौटी ढंगले हिडेको र अनावश्यक खर्च तथा कर्मचारीहरुलाई समयमा तलब नदिएको, अहिले सम्म खाता संचालन नगरेको, साथै बेलामा बैठक नगराएको, तथा बैठक गराए पनि एक छिन बस्ने र उठेर गइदिने साथै बिधार्थीहरुलाई शैक्षिक भ्रमणको लागि खर्च उपलब्ध नगराएको जस्ता अनेक आरोप पत्रकार सम्मेलनमा कलवार माथि लगाएको थियो ।

(बाँकी तेश्रो पेजमा)

## नेपालमा डेंगुबाट २९ जनाको मृत्यु, २४ हजार बढी संक्रमित




काठमाण्डौ, ९ असोज ।

नेपालमा डेंगुबाट २९ जनाको मृत्यु भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार डेंगु संक्रमणबाट हालसम्म २९ जनाको मृत्यु भएको हो । यस्तै नेपालमा साढे २४ हजार जनामा डेंगुको संक्रमण पुष्टि भएको छ । स्वास्थ्य मन्त्रालयका अनुसार गएको साउनदेखि हालसम्म

(बाँकी तेश्रो पेजमा)

## जनताको मुहारमा खुशी ल्याउने चाहना छ : प्रचण्ड

चितवन, ९ असोज ।

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले देशमा व्यवस्था बदलिएपनि अवस्था जहाँको त्यही भएको भन्दै अब जनताको अवस्था बदलेर उनीहरुको मुहारमा खुशी ल्याउने चाहना व्यक्त गनुर्भएको छ ।

चुनावी कार्यक्रममा सहभागी हुन शनिबार चितवन जानु भएका अध्यक्ष प्रचण्डले आइतबार भरतपुरमा पार्टी प्रवेश तथा समायोजन कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै सो धारणा राख्नुभएको हो ।

प्रचण्डले आफ्नो नेतृत्वमा दुई पटक सम्म सरकार सञ्चालन गर्दा जनताको मुहारमा खुशी ल्याउन सक्दो पहल गरेको पनि बताउनुभयो । उहाँले चितवनमा नमूना विकासको प्रयास गरेको भन्दै त्यसलाई अब देशव्यापी विस्तार गर्ने पनि बताउनु भयो ।

प्रचण्डले निकै ठूलो त्याग र बलिदानबाट देशमा संघीय लोकतान्त्रिक



गणतन्त्र आएको स्मरण गर्दै परिवर्तन उल्ट्याउन खोज्ने हर्कतहरुलार्य नेपाली जनताले कदापी सहन नसक्ने बताउनुभयो । उहाँले माओवादी पार्टी नै देश र जनताको भविष्यको निम्ति लड्ने पार्टी भएकोले अब जनताको मुहारमा खुशी ल्याउन पनि माओवादीले नै नेतृत्व गर्ने बताउनुभयो ।उहाँले भन्नुभयो, 'चितवनमा अहिले नमूना विकासको प्रयास गरेका छौं, आगामी दिनहरुमा निकै ठूलो फड्कोका तीव्र गतिमा विकास र समृद्धिको नयाँ मोडेल चितवनले प्रदर्शन गर्नेछ ।'चितवनको विकासको

(बाँकी तेश्रो पेजमा)

## जैतापुर–रामनगर रघुनाथपुर र मधुवन–खम्बा सडक खण्डमा दुई पुलको शिलन्यास

कलैया, ९ असोज ।

बारामा आईतवार एकैदिन दुई वटा पुलको शिलन्यास भएको छ । जिल्लाको जैतापुर–रामनगर रघुनाथपुर र मधुवन – खम्बा पसाहा पुल पसाहा पुलको शिलन्यास भएको छ । पुलको शिलन्यास पुर्व बन तथा बाताबरण मन्त्री रामसहाय यादव र बारा क्षेत्र नं.३ का निवर्तमान प्रतिनिधि सभा सदस्य रामबाबु यादवले गर्नुभएको छ । हिन्दुपरम्परा अनुसार पुजापाठ गरी पुलको शिलान्यास गरिएको थियो । नेपाल सरकार भौतिक



पुर्वधार विकास मन्त्रालयले बाराको पसाहा नदिमा दुई वटा पुल निर्माणका लागि ठेक्का आवहान गरेको छ ।

मन्त्रालयले जिल्लाको अति महत्वपुर्ण सडकको रुपमा रहेको सिमरा–कोल्हवी सडक अन्तरगत जीतपुरसिमराको वडा नम्बर १७ मा जैतापुर र रामनगर जोड्न पसाहा नदिमा तथा कलैया–सिस्वा महेशपुर–मधुवन सडक अन्तरगत खम्वा र मधुवन जोड्ने पसाह नदिमा पुल निर्माण गर्न बोलपत्र आवहान भईसकेको छ । बारा क्षेत्र नम्बर ३ का निवर्तमान संघीय सांसद एवम् जनता समाजवादी पार्टी( जसपा) का मधेस प्रदेश अध्यक्ष रामबाबु कुमार यादवको पहल र विशेष सक्रियातामा यी दुवै पुल ठेक्का प्रक्रियामा गएका छन् । मन्त्रालयको सडक विभागको आयोजना कार्यालयले जैतापुर र रामनगर जोड्न पसाहा नदिमा आसोज ४ गते मंगलवार बोलपत्र आवहान गरेको छ । उक्त पुल १६५

(बाँकी तेश्रो पेजमा)

* सार्वजनिक सम्पत्ति अतिक्रमण नगरौं ।
* कर तिर्नु सबै नागरिकको कर्तव्य हो भने सेवा प्राप्त गर्नु अधिकार हो ।
* बेटी पढाऔं बेटी बचाऔं ।
* हाम्रो गाउँपालिका हामी सबै मिलेर सबल, सक्षम र सशक्त बनाऔं ।
* सधैं चर्पीको प्रयोग गरौं र खुल्ला रुपमा सौच नगरौं ।
* आफ्ना गाउँघर सफा र स्वच्छ राखौं ।
* सेवा सुविधा प्राप्तिका लागि समयमै सम्पूर्ण तिर्नु पर्ने कर अनिवार्य चुक्ता गरौं ।

फेटा गाउँपालिका

फेटा (बारा)

## प्रचण्डसँग भेटेका बर्दिबासका मेयर माओवादीमा प्रवेश गर्न लागेका हुन्?

बर्दिबास, ९ असोज ९ ।

महोत्तरीको बर्दिबास नगरपालिकाका मेयर प्रल्हाद कुमार क्षेत्रीले पार्टी प्रवेश गर्नेबारे माओवादी केन्द्रबाट प्रस्ताव आएको बताएका छन् । कांग्रेसबाट विद्रोह गरी स्वतन्त्र रुपमा मेयरमा निर्वाचित भएका क्षेत्रीले माओवादी प्रवेश गर्न लागेको भनेर आएका खबर सत्य नभएको बताए । मेयर क्षेत्री माओवादीमा प्रवेश गर्न लागेको र अध्यक्ष प्रचण्डले उनलाई आफ्नो पार्टीमा स्वागत गर्ने तयारी गरेको भन्ने खबरहरू भ्रामक रहेको भन्दै उनले खण्डन गरे ।

'माओवादीका कतिपय साथीहरुबाट त्यो खालको प्रस्ताव आएको साँचो हो । यस विषयमा सामान्य छलफल पनि भएको हो । तर, अहिले नै माओवादी प्रवेश गर्न लाग्यो भन्ने कुरा सत्य होइन,' मेयर क्षेत्रीले नेपालखबरसँग भने, 'भेटघाटमा साथीहरुले प्रस्ताव त गर्न सक्छन् नि । त्यसलाई नै आधार मानेर प्रवेश गर्न लाग्यो भन्न मिल्दैन ।'

गएको स्थानीय तह निर्वाचनमा क्षेत्री स्वतन्त्र रुपमा बर्दिबासको मेयरमा विजयी भएका हुन् । उनले माओवादीका उम्मेदवार राजु खड्कालाई फराकिलो मतान्तरले पराजित गरेका थिए । क्षेत्री १४ हजार २१० मतसहित निर्वाचित हुँदा निकटतम् प्रतिस्पर्धी खड्काले ८ हजार २३२ मत मात्रै पाएका थिए । उपप्रमुखमा पनि स्वतन्त्र प्यानलकै तारादेवी महतो विजयी भएकी थिइन् । महतोले ९ हजार ७३६ मत पाउँदा निकटतम प्रतिस्पर्धी माओवादीकी कृष्णमाया गौतमले ८ हजार १८५ मत पाएकी थिइन् ।

०७४ को स्थानीय तह निर्वाचनमा कांग्रेसबाट मेयरको म्मेदवार बनेका क्षेत्रीलाई माओवादीका विदुर कार्कीले पराजित गरेका थिए । क्षेत्रीलाई यसपटक कांग्रेसले टिकट नपादिएपछि उनी स्वतन्त्र प्यानलै बनाएर निर्वाचनमा होमिएका थिए । १४ वडा रहेको बर्दिबासका चारवटा वडामा उनकै समूहका स्वतन्त्र उम्मेदवार विजयी भएका थिए । यसले बर्दिबासमा उनको समूह शक्तिशाली छ भन्ने देखाउँछ । मेयरमा स्वतन्त्र उम्मेदवारी दिएपछि कांग्रेसले क्षेत्रीलाई साधारण सदस्यसमेत

(बाँकी तेश्रो पेजमा)

सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक
शुभम सन्देश DAILY दैनिक
Monday 26 Sep. 2022

प्रकाशक : रामबाबु प्रसाद मेहता
प्रधान सम्पादक : अजय कुमार
सम्पादक : सरोज कुमार सिंह
समाचार सम्पादक : तिवारी यादव
प्रबन्धक : मुकेश कुमार महतो
कानुनी सल्लाहकार: परमहंस केशरी
अधिवक्ता : राजेन्द्र कुशवाहा
मुद्रक : बारा प्रिन्टीङ्ग प्रेस, कलैया उमनपा-४, बारा
ईमेल : subhamsandeshdaily@gmail.com
सम्पर्क नम्बर : ९८४५२१७३२९, ९८५५०४५५५२, ०५३५५१४९७
प्रधान कार्यालय : सिम्रौनगढ नपा ६, बारा
सम्पर्क कार्यालय : कलैया उमनपा १ (मोतिवाग), बारा

# वैधानिक सर्वोच्चताको ठाडो उल्लंघन

**डा. श्रीराम न्यौपाने**

जुवा खेल्दा सम्पूर्ण सम्पत्ति गुमाइसकेपछि एउटा जुवाडेले आफ्नै पत्नीलाई पनि दाउमा राख्न पुग्छ रे। अहिले नेपालको राजनीतिमा पनि त्यस्तै अवस्था देखिएको छ। आज मुलुकको प्रमुख शक्ति मानिएको तत्कालीन नेकपाले पनि दुई तिहाइ बराबरको केन्द्रीय सत्ता, छ प्रदेशको मुख्यमन्त्री अनि करिब पाँच सय पालिकाको नेतृत्व गुमाइसकेको छ। संवैधानिक अङ्गहरूमा पठाइएका सार्वजनिक व्यक्तित्वहरूलाई पनि उसले दाउमा राखिसकेको छ। अब ऊसँग राष्ट्रको गौरव अनि नेपाली सान बन्दै गएको राष्ट्रपति जस्तो गरिमामय संस्था मात्र बाँकी थियो। त्यसलाई पनि स्वच्छ, साझा अनि निष्पक्ष देख्न नसकी विवादमा तान्ने काम गरेको छ।

दुवै सदनबाट विधिपूर्वक अनुमोदन भई स्वीकृतिका लागि पठाइएको नागरिकता विधेयक–२०७९ लाई प्रमाणीकरण नगरी उक्त संस्थाबाट नेपालको संविधानको ठाडो उल्लंघन भएको छ। अस्वीकार गर्न सक्ने संवैधानिक अधिकार नै नभएको आलक्तारिक राष्ट्रपतिलाई कार्यकारी अधिकार दिन खोज्ने पार्टी नेतृत्वले त्यसलाई अन्तिम च्याँखेदाउ थापेको छ। यो कार्य उसैका लागि प्रत्युत्पादक बन्नेछ। किनभने यो संवैधानिक सर्वोच्चताको ठाडो उल्लंघन हो।

न`कपाकालमा अध्यादेशमार्फत् आफ्नो अनुकूलको तीन सदस्यीय संवैधानिक परिषद् गठन गर्यो। त्यसको सिफारिसमा गठित अङ्गहरूको कार्यसमीक्षामा निष्पक्षताको ठूलो खडेरी महसुस भएको छ। ती अङ्गहरू दलीय आदेश तथा निर्देशनमा सञ्चालित रहे। नेकपाको विभाजनकालमा बहुमत केन्द्रीय सदस्यको प्रत्यक्ष सनाखतलाई अस्वीकार गर्न निर्वाचन आयोगलाई बाध्य पारे। आयोगका अस्वाभाविक ढिलासुस्ती र अनिर्णयका कारण पार्टीभित्रको अन्तर्कलह चुलिँदै पार्टी फुटको सँघारमा पुग्यो। सायद आयोगले विधिवत् निर्णय गरिदिएको भए, निष्पक्षता देखाइदिएको भए शक्तिशाली पार्टी तासको महल ढलेझैँ टुक्रा टुक्रा हुने थिएन कि ? त्यसो हुँदा शक्तिले अन्धो भएको संस्थापन अलिकति पनि हच्कन्थ्यो होला र एकता प्रक्रियामा पूर्णविराम नै लाग्ने अवस्था पनि आउँदैनथ्यो होला।

आयोगले त्यतिबेला बलेको आगोमा घिउ थप्यो। विवेकपूर्ण काम हुन नसक्दा राष्ट्रले ठूलो क्षति बेहोर्नुपरेको छ। दलीय प्रक्रिया वा राजनीतिक भर्‍याङको प्रयोग गरे पनि सार्वजनिक पद धारण गरेपछि पक्षधरतालाई त्याग्न नसक्नु ठूलो विडम्बना हो। यही मनोविज्ञानले गाँजेको हुँदा निर्वाचनकालमा आचारसंहिताको गम्भीर उल्लंघनमा पनि आयोग खुट्टा कपाउँछ, संवैधानिक सर्वोच्चतालाई जोगाउनै सक्दैन।

राज्यमा आर्थिक अनुशासन कायम गर्न गठित अख्तियार दुरुपयोग अनुसन्धान आयोगको गतिविधि पनि पछिल्ला दिनहरूमा सन्तोषजनक देखिएनन्। वाइडबडी विमान खरिद, ओम्नी स्वास्थ्य सामग्री खरिद, यती होल्डिङ्स भाडा सम्झौता, तीस किलो सुन काण्ड, पशुपतिमा सुनको जलारी स्थापना, अलपत्र ठूला आयोजना र ठेक्का प्रक्रिया, प्रिन्टिङ प्रेस खरिद योजना, ललिता निवास जग्गा प्रकरण आदि दर्जनौँ अनियमिततामा अख्तियारले स्वतन्त्र, निष्पक्ष र चुस्त कार्य देखाउनै सकेको छैन। नेकपा कालमा भएका यी अनियमितता पूर्ववर्ती सरकारकै चरित्रसँग मिल्नु कम्युनिस्ट चरित्रकै उपहास भएको छ। यस्तो अवस्था आउनुमा अख्तियारकै निकम्मापन मुख्य जिम्मेवार छ। त्यसबेला एकातिर संस्थागत भ्रष्टाचार चुलिएको थियो भने अर्कातिर अख्तियारकै सदस्यको संलग्नता उदाङ्गिएको थियो। ठूला माछा नसमाती सानालाई तर्साउने उसका मुद्दाहरू सबैजसो पराजित हुनु विडम्बना हो। अनियमितताको दुर्गन्ध सम्पूर्ण नेपाली नाकले महसुस गरिसक्दा पनि अख्तियारले घ्राणशक्ति गुमाएको देख्दा दलीय संरक्षणाले संवैधानिक सर्वोच्चतालाई कति बेकम्मा बनाएको रहेछ भन्ने स्पष्ट हुन्छ। आज बामपन्थीको अख्तियार पनि भ्रष्टहरूको चङ्गुलमा परेको छ। पुँजीवादीहरूसँग प्रतिस्पर्धा गर्न जसरी पनि अर्थोपार्जन गर्नुपर्छ भन्ने कम्युनिस्ट रणनीति क्रमशः भ्रष्ट, चरित्रहीन र विकाउ हुँदै गएको छ।

कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका कार्यसन्तुलनका त्रिपक्षीय स्वायत्त निकायहरू हुन्। एउटाको गलत कदमले राष्ट्रलाई क्षति नपुर्‍याओस् भन्ने अवधारणाअनुसार यी सञ्चालित हुनुपर्छ। नेकपाकालमा संवैधानिक परिषद् नियतवश सङ्कुचित हुँदा प्रधान न्यायाधीश त्यसको नियन्त्रणतर्फ लानुपर्थ्यो तर ठीक विपरीत समर्थक पो देखिए। लगत्तै प्रधानमन्त्रीको असंवैधानिक संसद् विघटनलाई सदर गर्न उनी अप्रत्यक्ष रूपमा सक्रिय रहे, जसको प्रमाण महाभियोग प्रकरणमा उनले दिएको तत्कालीन पाँच न्यायाधीशलाई पनि महाभियोग लगाउनुपर्ने रोषपूर्ण अभिव्यक्तिले पुष्टि गर्दछ। किनभने उनको अनुकूलको फैसलामा तिनले तगारो हालेका थिए। तत्कालीन प्रधानमन्त्रीले खुलेआम संसद् विघटन सदर हुने उद्घोष मात्र गरेनन् पूर्वप्रधान न्यायाधीशको मानमर्दन पनि गरे। यत्रो आत्मबल केले प्राप्त भएको रहेछ भन्ने तथ्य अहिले खुल्दै छ।

स्वविवेकको दुरुपयोग गरी एक ज्यानमाराको कैद अवधि छोट्याउने फैसला गर्ने प्रधान न्यायाधीशलाई चोख्याउँदै काँधमा बोकेर हिँड्ने दलीयतन्त्रले संवैधानिक सर्वोच्चतामा राम्रैसँग खेलेको देखिन्छ। गम्भीर अपराधमा पनि मूकदर्शक रहने राष्ट्रिय मानव अधिकार आयोग, चुलिएको बेरुजु तथ्याक्त सार्वजनिक गर्न डराउने महालेखा, समयमै आवश्यक योग्य कर्मचारी निष्पक्ष रूपमा छनोट गर्न नसक्ने लोकसेवा, तीनै तहको सरकारलाई स्रोत बाँडफाँट र राजस्व परिचालनको स्पष्ट खाका दिन नसक्ने राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त अनि जातीय, लैङ्गिक, धार्मिक तथा क्षेत्रीय सन्तुलन, पुनरुत्थान एवं अधिकार संरक्षणमा उपलब्धिमूलक काम गर्न नसक्ने अन्य आयोगहरूको औचित्य पनि पुष्टि हुन सकेको छैन। यिनमा आउने दलीय गन्ध र नियुक्तिको भागवण्डाले लक्षित वर्ग पहिचान गर्न वा तोकिएको जिम्मेवारी पूरा गर्न सक्छन् जस्तो लाग्दैन। जबसम्म आयोगहरूले संवैधानिक सर्वोच्चताको प्रत्याभूति दिन सक्दैनन्, तबसम्म यी दलका कार्यकर्ता भर्तीकेन्द्र मात्र हुने छन्।

नागरिकलाई सुसंस्कार सिकाउने विश्वविद्यालयहरू राजनीतिक भागवण्डा, बन्दहडताल अनि अराजकताले धराशायी बन्दै छन्। तिनका जिम्मेबार पदाधिकारीसँग संयम, समन्वय एवं कार्यदक्षताको पूरै अभाव छ। तिनका समस्या हल नगर्ने, समाधानतर्फको तत्परता पनि नदेखाउने र आआफ्ना शक्तिकेन्द्र निर्माण गरी कार्यालयलाई पार्टी सम्पर्क केन्द्र बनाउने हर्कतले स्वायत्तताको धज्जी उडेको छ। आफू पदमा पुग्न, टिकिरहन र पुनः पुनः नियुक्ति पाइरहन तिनले प्राज्ञिक गरिमा पार्टीलाई चढाइसकेका छन्। त्रिवि सेवा आयोगका फाइल अख्तियारमा र पदाधिकारीविरुद्धका मुद्दा अदालतमा छन्। मानौँ उनीहरूलाई संवैधानिक सर्वोच्चता कागलाई बेल पाकेको जस्तो भइरहेछ।

राष्ट्रबैङ्कको नेतृत्व गर्ने र मौद्रिक नीतिमार्फत वित्तीय सन्तुलन कायम गरी राष्ट्रिय समृद्धिको यात्रामा सरकारलाई साथ दिने दायित्व बोकेको राष्ट्रबैङ्कको नेतृत्व गभर्नरले गर्दछन्। यो अभिभारा तब मात्र पूरा हुन्छ जब वित्तीय नीति बनाउने अर्थमन्त्रीसँग सहकार्य गरिन्छ। चालू आर्‌थिक वर्षका लागि दुवै नीति निर्माताहरू द्वन्द्वमा उत्रिएका छन्। गभर्नरका आर्थिक सूचनाकै आधारमा राष्ट्रिय योजना बनाइने हुँदा पूर्वाग्रही बनेर गलत सुझाव दिएमा राजनीतिक अभीष्ट त पूरा होला तर प्राथमिकीकरणमा उलटपलट आउँदा अक्ष्यअनुरूपको आर्थिक वृद्धि नभई जनताले त्यसको दुष्परिणाम भोग्नुपर्छ। यस्तो महत्त्वपूर्ण गौँडोमा बसेर सार्वजनिक पदाधिकारीले दलीय चस्मा लगाउनुहुन्न। राजनीतिकर्मी नै बन्ने हो भने यी पदको लालच त्याग्नुपर्छ। राष्ट्रका नाममा शपथ लिइसकेपछि र नुनपानी खाइसकेपछि नैतिकताको प्रश्न आउनेवित्तिकै राजीनामा गर्न हात कपाउनुहुन्न। यसैमा संवैधानिक सर्वोच्चता जीवित रहने हो।

अशक्तता र कार्यव्यस्ततालाई कारण बनाई बालुवाटारको आवासमा प्रधानमन्त्रीले पार्टीगत गतिविधि सञ्चालन गर्ने क्रम बढ्दो छ। राज्यले प्रदान गरेको सुविधा लिएर पार्टीका व्यक्तिगत काम गर्नु अपराध हो। कानुनको पूर्ण पालना नगर्नेले संवैधानिक सर्वोच्चताको वकालत गर्नु हास्यास्पद हुन्छ। आज देशका प्रत्येक स्वायत्त अङ्गमा राजनीतिको ताण्डवनृत्य देख्न पाइन्छ। संस्थाको स्वच्छता, निष्पक्षता र गरिमा जोगाउनुपर्ने यिनका प्रमुखहरू पार्टी नेतृत्वलाई खुसी पार्न मरिहत्ते गरेको देख्दा कतै नियुक्ति प्रक्रिया नै गलत त होइन भन्ने प्रश्न खडा भएको छ। यस प्रक्रियाले राजनीतिक संस्कार सिकाउन सक्दा रहेनछन्, कार्यकर्ता बनेर कालोलाई कालो भन्न सक्दा रहेनछन्। यस्ता लाचार प्रमुखहरूका गतिविधिले जनक्रान्तिबाट प्राप्त उपलब्धिप्रति नै वितृष्णा उत्पन्न गराएका छन्। साथै सत्ता कब्जाको मानसिकता बोकेका पार्टी नेतृत्वलाई थप तानाशाह बन्न उक्साएका पनि छन्।

घरझगडा मिलाउन नसकी राष्ट्रलाई थप मुठभेडतिर धकेलिरहेको र छुद्रताको सहारामा लिच्चड झगडिया बनिरहेका बेला संवैधानिक अङ्गका प्रमुखहरूले विवादास्पद काम गर्दै जानुलाई के भन्ने ? उनीहरू त आफ्ना बफादार भाटहरूलाई नेतृत्वमा पदाधिकारी बनाएर एक्लो, सर्वोच्च र सर्वशक्तिमान शासक बन्न चाहन्छन्। साथै संवैधानिक सर्वोच्चतालाई मुठीमा पारी सबै सहकर्मीलाई एकै गाँस बनाउने दिवास्वप्न देख्छन्। यसले त द्वन्द्व निम्त्याउने निश्चित छ। तसर्थ यस्तो प्रवृत्तिलाई निरुत्साहित पार्न प्रमुखहरू संवैधानिक सर्वोच्चतालाई जोगाउन एक कदम अघि बढ्नुपर्छ। (साभार–रातोपाटी)

# राजनीतिक दौडमा महिला

**पद्मा अर्याल**

पछिल्लो समय समाज महिलामैत्री बनेको छ। कानुनले हक र अधिकार दिएकै छ। महिलाप्रति समाज सकारात्मक बन्दैछ। नेपालको इतिहासमा महिलाको राजनीतिक इतिहास खोतल्ने हो भने पछिल्लो समय धेरै सुधारोन्मुख छ। राजनीतिको ज्ञान र शासन सञ्चालन गर्ने शक्ति अगाडि आउने मौका पाए महिलाले काँधमा काँध मिलाई अगाडि बढ्न सक्छन् भन्ने प्रमाणित भइसकेको छ। नेपालको राजनीतिमा परिवर्तन गरेर राजनीतिको क्षितिजमा महिलाको बाहुल्य बढ्दै गइरहेको पनि छ। आजको पहिलो र मूल एजेन्डा महिलाको समानताको हो। दोस्रो भनेको सशक्तीकरण। विश्वव्यापी सशक्तीकरणसँगै जोडेर हेर्दा तेस्रो कुरा भनेको महिलामा हुनुपर्ने आर्थिक सवलीकरणको प्रश्न नै हो। आज यी तीनवटा मुद्दामा आधारित भएर महिलाहरू अगाडि बढ्नुपर्ने हुन्छ। जुन सन्दर्भ उठाउँदै आएको छु।

हिजोको परिवेश हेर्ने हो भने एउटा मुद्दा पहिचानको थियो। जहाँसम्म लाग्छ, संविधानले महिलालाई अधिकार दिएको छ। महिलाको पहिचानसँग जोडिएर महिलाहरूको सहभागिताका निमित्त महिलाको अंश र वंश अधिकारको कुरा संविधानमा आइसकेका छन्। अधिकारलाई सशक्तीकरण र संविधानको कार्यान्वयनसँग जोडेर हेर्दा पुग्छ जस्तो लाग्छ। यी तीन पक्षमा केन्द्रित भएर महिला सशक्तीकरण अगाडि बढ्नुपर्छ भन्ने लाग्छ। जहाँसम्म समानताको प्रश्न छ, समानताको आधार निर्माण गर्न प्रतिनिधित्वको कुरा आएको छ। प्रतिनिधित्व भनेको अधिकार हो। समानता भनेको व्यवहार हो, भोगाइ हो। हामीले कहाँबाट सुरु गर्‍यौं भन्दा समानताको आधार निर्माण गर्न प्रतिनिधित्वबाट गर्‍यौं। हिजोको महिलाको अवस्था कस्तो थियो ? सबैलाई थाहा छ, महिलाको अवस्था दयनीय थियो।

केही समययता ३३ प्रतिशत भनियो तर थियो त ? थिएन निरु ! संसद्मै महिलाको संख्या न्यून थियो। बहुदल पछाडिको कुरा गर्दा सांसदको संख्या ४ प्रतिशत मात्र थियो। नेपालमा अहिले मात्र ३३ प्रतिशतको ग्यारेन्टी कानुनले गरिदिएको हो। त्यसैले यो ३३ प्रतिशतलाई कार्यान्वयन गर्दै अब महिलाहरू जुन ठाउँमा पुगेका छन्, त्यो ठाउँमा कुशलतापूर्वक काम गर्न सक्छन्। आफ्नो क्षमता देखाउन सक्छन्। अहिले त महिला र पुरुष भनेर विभेद गर्नु पर्दैन भन्ने चेतना पनि लगभग आइसकेको छ। महिलाहरू सामाजिक अभियन्ता र राजनीतिक नेतासमेत बन्न सक्छन्। हरेक काममा अब्बल बनेर यसको पुष्टि गरिसकेका छन्। अनुभूति भएपछि जुन खालको दृष्टिकोण र हेराइ विभेद न्यूनीकरण हुँदै गएको छ। त्यसले समानताका आधारहरू पुनर्निर्माण गर्दै जान्छ। त्यसैले समानता भनेको भोगाइ हो भन्ने कुरामा स्पष्ट हुनुपर्छ।

पछिल्लो समय महिलाहरूमा अतिवादी महिलावादको जन्म भएको छ। जुन पुरुषले गर्छ त्यही महिलाले गर्न पाउनुपर्छ भन्ने गर्छन् त्यो कुरा हुनुहुँदैन्। गलत कुरामा महिलाहरू पनि जान पर्‍यो वा पुरुषले कुनै गल्ती गर्छ भने त्यो पनि महिलाले गर्नुपर्छ वा पुरुषले गर्ने हरेक क्रियाकलाप महिलाले गर्न पाउनुपर्छ भन्ने होइन्। हामीले पुरुषले जे गर्छन् त्यही मात्र गर्र्ने होइन अब महिलाले। पुरुषका पनि गल्ती कमजोरी हुन्छन्, तिनलाई औंल्याएर उनीहरूको भन्दा राम्रो र अब्बल काम गर्नुपर्छ। पुरुषले जे गलत गर्छन् त्यो महिलाले गर्न पाउनुपर्छ भन्ने दृष्टिकोण पनि राख्नु हुँदैन। गलत चिजको समानता होइन कि सही कुरालाई सचेत बनाउने काममा महिला लाग्नुपर्ने बेला आएको छ। क्षमता अभिवृद्धि गर्न एवं आर्थिक रूपमा सफल बनाउन विभिन्न खालका सीप सिकाउन पढेलेखेकालाई बौद्धिक काममा लगाउने उद्यमी बनाएर सफल रूपमा अगाडि बढाउनुपर्छ। त्यसैले महिलालाई राजनीति वा अन्य कुनै पनि उच्च पदमा आउन सर्वप्रथम अब्बल बनाउन आवश्यक छ। महिलाहरूका लागि आत्मविश्वास, आत्मनिर्भर, स्वतन्त्रता बढाउन पनि आर्थिक सवलीकरण जरुरी छ।

हाम्रो समाजमा महिलाहरू अहिलेसम्म पनि अनौपचारिक काममा बढी मात्रामा केन्द्रित छन्। राज्यको उत्पादन क्षेत्रमा महिला कति छन् ? भन्ने गणना गर्ने ठाउँमा न्युन छन्। प्रतिशतको हिसाबले हेर्ने हो भने ठूलो संख्यामा महिला घरायसी काममा जेलिएका छन्। घरायसी काममा समय व्यतित गरेको अवस्थाले उनीहरू आर्थिक रूपमा कमजोर भए, हालसम्म पनि भइरहेका छन्। उनीहरूको १८ घण्टाको समय उत्पादनमूलक भएको भनेर देखिएन, श्रमको गणना हुन सकेन। उनीहरूले गर्ने घरायसी कामलाई आर्थिक उत्पादनसँग जोड्नु पर्थ्यो भएन तर अब जोड्नु पर्छ। आर्थिक उत्पादनसँग जोड्न नसक्नु र केवल घरको काममा मात्र सीमित राख्नु नै नेपाली समाजका लागि दुर्भाग्य बन्यो।

महिला कमजोर होइनन्, बनाएको हो। आर्थिक रूपमा कमजोर भएर नै महिलाहरू राजनीतिमा आउन डराएका हुन्। खर्च गर्नुपर्ने डरले चुनावमा उमेदवार बन्ने आँट गर्न नसक्नुले पनि महिला पछि परिरहेका हुन्। केही महिला आर्थिक रूपमा सम्पन्न पनि छन् तर यो संख्या थेरै प्रतिशत छ। यी महिलामा राजनीति गर्नुपर्छ भन्ने नहुन पनि सक्छ। आम महिलाको कुरा गर्दा उनीहरू आर्थिक निर्णय गर्न सक्ने अवस्थामा पनि छैनन्। केही भएकाहरू आँट गर्दैनन्। अहिलेका चुनाव भनेको खर्चिलो र भड्किलो किसिमका छन्। रकमको प्रबन्ध गर्न नसक्दा ‘चुनाव लड्छु’ भन्ने आँट गर्न सक्दैनन्। त्यसैले पनि आर्थिक सशक्तीकरण जरुरी छ। त्यसैले महिला

(बाँकी तेश्रो पेजमा)

# सुदूरपश्चिम प्रदेशसभाका पदाधिकारी तथा सांसदले फिर्ता गरेनन् गाडी र ल्यापटप

धनगढी, ९ असोज।

निर्वाचन आयोगका अनुसार प्रदेश र प्रतिनिधिसभा सदस्यहरुको कार्यावधि असोज १ गते राति १२ बजे नै समाप्त भएको छ। तर सुदूरपश्चिम प्रदेशसभाका सदस्यहरु हालसम्म सांसदकै लोगो भिरेर निर्वाचन केन्द्रित गतिविधिमा होमिएका छन्। प्रदेशसभाका पदाधिकारीहरुले सुविधाबापत प्राप्त सरकारी गाडी, ल्यापटप लगायतका यन्त्र, उपकरणहरु हालसम्म फिर्तासमेत गरेका छैनन्। सुदूरपश्चिम प्रदेशसभाको १० औं अधिवेशनको अन्तिम बैठक भदौ १७ गते बस्यो। प्रदेशसभा अधिवेशन अन्त्य भएपछि सांसदहरु आ–आ`नो निर्वाचन क्षेत्रमा केन्द्रित भएका छन्। यस क्रममा प्रदेशसभाका पदाधिकारीहरुले सरकारी गाडीसहितका सुविधा उपभोग गरिरहेका हुन्।

प्रदेशसभा सचिवालय धनगढीले केही प्रदेशसभा सदस्यबाहेक हालसम्म अधिकांशले गाडीसहित यन्त्र उपकरणहरु फिर्ता नगरेको जनाएको छ।




प्रदेशसभाका ५३ जना सदस्यमध्ये हालसम्म एक जनाले गाडी र ६ जनाले मात्रै ल्यापटप बुझाएका छन्। बाँकी सबैले हालसम्म सरकारी सुविधा प्रयोग गरिरहेका छन्। प्रदेश सभा सचिवालय धनगढीका अनुसार प्रदेशसभा सदस्यलाई ४६ वटा ल्यापटप र पदाधिकारीलाई १० वटा गाडी खरिद गरी दिइएको थियो। तर हालसम्म नेकपा एमालेका प्रमुख सचेत लिलाधर भट्टले मात्रै आफूले चढ्दै आएको सुपप्र. १००१ झ ४३४ नम्बरको गाडी र एक थान ल्यापटप फिर्ता गरेको सचिवालयका सूचना अधिकारी युवराज जैशीले जानकारी दिए।

त्यस्तै, असोज ७ गतेसम्म ल्यापटप फिर्ता गर्नेमा वीरमान चौधरी, महेशदत्त जोशी, हर्क बहादुर कुँवर, कृष्णराज सुवेदी, गोविन्दराज बोहरा छन्। प्रदेशसभा सचिवालयले सभामुख अर्जुन थापालाई से१झ २७५, उपसभामुख निर्मला बडाल जोशीलाई से१झ २७७, प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका संसदीय दलका नेता प्रकाशबहादुर शाहलाई से१झ २९९, सत्ता पक्ष नेकपा एकीकृत समाजवादीकी संसदीय दलका नेता दुर्गा कुमारी कामीलाई से१झ ३०० नम्बरको गाडी दिइएको जनाएको छ। दुर्गा कामी हाल एकीकृत समाजवादी छोडी माओवादी

(बाँकी तेश्रो पेजमा)

## राजनीतिक ..............

आश्रित हो, पुरुष संरक्षक हो भन्ने मानसिकता हटाउनु जरुरी छ ।

आर्थिक सवलीकरण र आत्मनिर्भरताको माध्यमबाट पछिल्लो समय महिला आर्थिक रूपमा आश्रित छैनन् । स्वयं सक्षम छन् आफ्ना लागि निर्णय गर्न । पछिल्लो समय समाज महिलामैत्री बनेको छ । कानुनले हक र अधिकार दिएकै छ । महिलाप्रति समाज पनि सकारात्मक बन्दै छ । धेरै महिला नेतृत्व लिन लालायित छन् । राजनीतिकलगायत अन्य क्षेत्रमा आएका छन् । चुनाव लड्न समानुपातिक होइन, प्रत्यक्षमा लड्ने आँट छ । राजनीतिमा महिलालाई सहभागी नगराउने भन्ने हुँदैन । केही पुरुषले महिलालाई दिनुपर्छ भन्ने कुरामा समर्थन जनाउँछन् भने केहीले हाम्रो भाग खोसिन्छ कि भनेर पुरुषले तगारो बन्ने पनि छन् । प्रत्यक्षमा लड्न खोज्नेलाई पुरुषले हतोत्साही बनाउने काम पनि हुन्छ । प्रत्यक्ष लड्न दुःख हुन्छ, समानुपातिकमा जानु भनेर प्रोत्साहित गर्नेभन्दा पनि निरुत्साहित बनाएर समानुपातिकतिर धकेल्ने एउटा प्रवृत्ति पनि छ ।

हाम्रो पार्टी नेकपा एमालेमा भने त्यस्तो छैन । धेरैभन्दा धेरै प्रत्यक्ष जाऊ, सबै समानुपातिकमा बस्न नखोज भनेको छ । हामीले त प्रत्यक्षमा लड्नका लागि तयार बन भनेका छौं । यो पार्टीको उद्देश्य छ । महिलालाई प्रत्यक्षका लागि प्रोत्साहित र प्रेरित गर्ने उद्देश्यका लागि एउटा विधि पनि बनाएका छौं । त्यो विधिमा के छ भने हिजो समानुपातिकमा रहेकालाई समानुपातिकमा सिफारिस नगर्ने । अर्को कुरा, चुनाव लडेर निर्वतमान बनेकाहरू जस्तैः गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, नगरका प्रमुख, उपप्रमुख लगायतलाई समानुपातिकको भूमिका नदिने पार्टीको निर्णय छ । प्रत्यक्षको ढोका सबैलाई खुला गर्दिने नीति लिइएको छ । तर, फेरि समानुपातिक पाइन्छ है भनेर प्रत्यक्षमा जान नखोज्ने प्रवृत्ति छ । त्यो प्रवृत्तिलाई पूरै निषेध गरेका छौं, त्यस्तो विधिको ढोका बन्द गरेका छौं ।

अर्को कुरा, न्यायको कुरा पनि हो । एउटैले सधैंभरि अवसर पाउनुभन्दा अर्कालाई अवसर दिने कुरा पनि हो । एमालेको एउटा उद्देश्य के हो भने महिलाहरू प्रत्यक्षमा जाउन् । एउटा विकल्प राखेपछि त नगई सुख पनि भएन नि । यसपटक पूरै नयाँलाई अवसर दिने सोच पनि नेकपा एमाले पार्टीले लिएको छ । विगतको तुलनामा राजनीतिक क्षेत्रमा महिलाको सहभागिता बढेको देख्न सक्छौं । जसले सन्तोष दिएको छ । तर, पनि केही कमीकमजोरी पनि छन् । जहाँ महिलालाई असर परेको छ । स्थानीय चुनावमा महिला सहभागिता घट्यो । गठबन्धनका कारण महिला सहभागिता कमजोर भयो । चाहेको भए हरेक पार्टीले महिलालाई दिन सक्थे, आफ्नो सिटमा परेको भागलाई महिलालाई अवसर दिन सक्थ्यो पार्टीले तर दिएनन् । यो भनेको गठबन्धनको महिलाप्रतिको उदासीनता हो । महिलाप्रति सहभागिताको संवेदनशीलता अन्य पार्टीका साथीहरूसँग पनि उठाइरहेको छु । यसपटक गठबन्धनले महिला सहभागितामा जोड दिन्छ भन्ने मलाई विश्वास छैन ।

महिला समानताको आन्दोलन आजको होइन । यो त ७०–७५ वर्ष अगाडिदेखिको हो । त्यतिखेर महिला आन्दोलनले महिला बोल्न पाउनु पर्‍यो, सभा संगठन प्रयोग गर्न पाउनु पर्‍यो भनेर आन्दोलन गरेको थियो । हाल त्यो स्वरूपमा धेरै परिवर्तन भएको छ । संविधानले दिएको अधिकारले आमाको नाममा नागरिकता पाउन थालेका छन् । संविधानमा समानता लगायतका कुरा उल्लेख छन् । संविधान महिलामैत्री बनाएर हस्तक्षेपकारी भूमिका निर्वाह गरेर महिलाहरू अगाडि बढेका छन् ।

सौचिक्कै भन्ने हो भने हिजो र आजको परिस्थितिमा धेरै नै बदलाव आएको छ । हिजो र आजको तुलना गर्दा हाम्रा आमामा समेत धेरै परिवर्तन देख्न सकिन्छ । मैले गण्डकी प्रदेशको जिम्मेवारी लिइरहँदा महिलाहरू धेरै अग्रसर भएको र राजनीतिमा आउन चासो देखाएको पाएको छु । यो निकै खुसीको कुरा हो । महिला सचेत र योग्य पनि बन्दै गइरहेका छन् । महिला आन्दोलनको वास्तविकता र महिलालाई राजनीतिमा आउने कुराका विषयमा भन्नुपर्दा सुधार भएको पाएका छौं । कहीं कतै कमजोरी र समस्या त होलान्, ती कुरालाई समाधान गर्दै पछिल्लो समय महिलासक्षम भएका/पाएका जिम्मेवारी कुशलतापूर्वक निभाउन सक्छन् । त्यसैले कुनै राजनीतिक पार्टीले महिलालाई अघि सार्न डराउनु पर्दैन । पूर्व मन्त्री अर्याल एमाले नेता हुन् । (साभार–अन्नपूर्णपोष्ट)

## सुदूरपश्चिम................

केन्द्रमा प्रवेश गरिसकेकी छन् ।

त्यस्तै, विधायन तथा प्रदेश मामिला समितिका सभापति नेपालु चौधरीलाई से१भ ३०७, अर्थ, विकास तथा प्राकृतिक स्रोत समितिका सभापति हर्कबहादुर कुँवरलाई से१भ ३०८, सार्वजनिक लेखा समितिका सभापति कुमारी नन्दा बमलाई से१भ ३०९ र सामाजिक विकास समितिका सभापति कुन्ती जोशीलाई से१भ ३१० नम्बरको गाडी उपलब्ध गराइएको छ । सत्ता पक्ष माओवादी केन्द्रका प्रमुख सचेतक अक्कल रावललाई सुपप्र.०१००१ भ ०४३३ नम्बरको गाडी दिइएको छ भने सत्ता पक्ष नेपाली कांग्रेसकी प्रमुख सचेतक अम्बी कुमारी थापालाई भाडामा लिएर गाडी सुविधा दिइएको छ । प्रदेश सचिवालयले थापाले चढ्ने गाडीको दैनिक भाडा इन्धनबाहेक ५ हजार रुपैयाँ भुक्तानी दिँदै आएको छ ।

त्यस्तै, गाडी ल्यापटपसँगै एक थान प्रिन्टर समेत घर लगेकी सार्वजनिक लेखा समितिकी सभापति कुमारी नन्दाले प्रिन्टर तथा फोटोकपी मेसिन पनि हालसम्म फिर्ता नगरेको प्रदेशसभा सचिवालयले जनाएको छ । यी हुन् ल्यापटप नलिने सांसदहरु प्रदेश सचिवालयका अनुसार प्रदेशसभा सदस्यहरुको क्षमता विकासका लागि भन्दै ल्यापटप वितरण गरिएको थियो । केहीले भने आफूहरुसँग ल्यापटप रहेको भन्दै लिएका थिएनन् ।

ल्यापटप नलिनेमा प्रदेशसभा सदस्यमा कर्ण मल्ल, भरत बहादुर खड्का, डिल्लीराज पन्त, पूर्व आन्तरिक मामिला तथा कानून मन्त्री प्रकाश बहादुर शाह, मुख्यमन्त्री त्रिलोचन भट्ट, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री विनिता चौधरी, आर्थिक मामिला मन्त्री प्रकाश रावल, पूर्व आर्थिक मामिला मन्त्री झपट बोहरा, पूर्व भौतिक पूर्वाधार विकास मन्त्री पठान सिंह बोहरा र पूर्व वन वातावरण तथा पर्यटन मन्त्री माया भट्ट छन् ।

कार्यावधिमै अन्योल

निर्वाचन आयोगको विज्ञप्ति अनुसार असोज १ गते राति १२ बजे प्रदेशसभा र प्रतिनिधि सदस्यहरुको कार्यावधि सकिएको आशयसहित विज्ञप्ति जारी गरे पनि यहाँ अझै अन्योल देखिएको छ ।

नेपालको संविधानले प्रदेशको कार्यावधि ५ वर्षको तोकेको छ । २०७४ को निर्वाचनपछि प्रदेशसभा सदस्यहरुले माघ ७ गते पद तथा गोपनीयताको शपथ लिए । जस अनुसार आगामी माघ ७ गते उनीहरुको ५ वर्ष पुग्दैछ । तर सरकारले आगामी मंसिर ४ गते निर्वाचनको मिति घोषणा गरी निर्वाचनको कार्यक्रम समेत अगाडि बढिसकेको अवस्थामा कार्यावधिबारे अन्योलता रहेको बताउँछन् प्रदेशसभा सचिवालयका सूचना अधिकारी जैशी बताउँछन् । तर प्रदेशसभाको अधिवेशन नै अन्त्य भइसकेकाले प्रदेशसभा सदस्यहरुको कार्यावधि पनि समापन भएको मान्नुपर्ने उनको भनाइ छ ।

निर्वाचन आयोगका सूचना अधिकारी एवं सहायक प्रवक्ता सूर्यप्रसाद अर्यालका अनुसार आयोगले समानुपातिकतर्फका प्रदेशसभा तथा प्रतिनिधिसभा सदस्यहरुको बन्दसूची असोज १ गतेदेखि कायम नरहने गरी विज्ञप्ति जारी भइसकेको र समानुपातिकतर्फका उम्मेदवारहरुको बन्दसूची समेत दर्ता भइसकेकाले प्रदेशसभा तथा प्रतिनिधिसभा सदस्यको अवधि स्वतः समाप्त भएको आशय लागने बताउँछन् ।

उनले भने, 'आयोगले राजनीतिक दल तथा उम्मेदवारलाई समानुपातिकतर्फका उम्मेदवारी दर्ता पेस गर्न असोज २ र ३ गतेको समय तोकेको थियो । जसअनुसार त्यसको अघिल्लो दिन नै २०७४को निर्वाचनबाट आएका प्रदेशसभा र प्रतिनिधिसभा सदस्यहरुको कार्यावधि पूरा हुन्छ । योसँगै ४० प्रतिशत सदस्य नरहने हो । तर एउटै सदनमा रहेकाले प्रत्यक्ष निर्वाचनबाट निर्वाचित हुनेहरुको हकमा पनि यही आशय लागदछ ।' (साभार–रातोपाटी)

## बदनाम.........................

यता डेंगुले गर्दा म स्वयम् बिरामी भएको थिए र डेंगुको कारण अहिले बिधार्थीहरुलाई भ्रमणमा नजान मैले आग्रह गरेको थिए र बिधार्थीहरु आफ्नो चित बुझाएर समेत पालिका बाट बाहिर गए तर अचानक उनीहरु आएर नगरपालिकामा तोडफोड गर्न थाले । यो तोडफोड नेपाली कांग्रस बाट निर्वाचित वडा अध्यक्षहरुले बिधार्थीहरु लाई उक्साएको कारण मात्र भएको मेयर कलवारले बताउनु भयो । यस्तै खाता संचालन गर्न मैले पहिल्यै नै आदेश दिई सकेको छु । तर हाम्रो लेखापालको लापरवाहीले गर्दा मात्र खाता संचालन मा ढिलो भयो र अब त्यो पनि १/२ दिनमा खाता सुचारु हुनेछ । सोही क्रममा उहाले हामीले आफ्नो गाडीको लागि वा जथाभावी तेलको कुपन बाडेका छैनौ । पहिलाकै मेयरको पालाको ७२ लाख जतिको तेलको भुक्तानी बाकी रहेको छ, त्यो कुरा यहाँहरु पनि पेट्रोल पम्पमा समेत पुगेर बुझ्न सक्नुहुनेछ भनि मेयर कलवारले बताउनु भयो । मलाई बदनाम गर्न गराउनलाई मात्र बिपक्षिहरु म माथि आरोप लगाएका छन । पहिलाको मेयरको पालामा वाइफाई जडानमा अनियमितता भएको तथा वडा अध्यक्ष अवधेश सहनीले दर्ता चलानी रजिष्टर उठाएर आफ्नो घर लगेको भन्दै मेयर कलवारलेँ पत्रकार सम्मेलनमा बताउनु भएको छ ।

## नेपालमा डेंगुबाट ............

देशभर २४ हजार ४ सय ९२ जनामा डेंगु संक्रमण पुष्टि भएको हो ।

संक्रमितमध्ये सबैभन्दा बागमती प्रदेशमा १९ हजार रहेका छन् । यस्तै लुम्बिनीमा २ हजार ८ सय ७२, सुदूरपश्चिममा ७ सय ७७, प्रदेश १ मा ७ सय ५३, गण्डकीमा ५३७, मधेश प्रदेशमा ३ सय २३, कर्णालीमा २ सय ३० जनामा संक्रमण देखिएको छ । त्यसैगरी डेंगु संक्रमणबाट हालसम्म २९ जनाको मृत्यु भएको छ । (साभार–रातोपाटी)

## जनताको ..................

मोडेल देशैभरी विस्तारित गर्ने पनि उहाँले बताउनुभयो ।

कार्यक्रममा विजय सफल व्यवसायी वामपन्थी युवा नेता विजय घलेका साथै मुस्लिम समुदायका

# बजार अनुगमन प्रभावकारी बनाउन प्रधानमन्त्रीको निर्देशन

काठमाण्डौ, ९ असोज ।

प्रधानमन्त्री शेरबहादुर देउवाले बजार अनुगमनलाई प्रभावकारी बढाउन मातहतका निकायलाई निर्देशन दिएका छन् । आइतबार बिहान प्रधानमन्त्री निवास बालुवाटारमा मातहतका ५ मन्त्री र सचिवहरुलाई बोलाएर प्रधानमन्त्री देउवाले यस्तो निर्देशन दिएका हुन् । बैठकलाई सम्बोधन गर्दै प्रधानमन्त्री देउवाले चाडपर्वको समयमा बजारमा हुने अवाञ्छित गतिविधिमा सचेत रहँदै आ–आ नो क्षेत्राधिकारअनुसार बजार अनुगमनलाई प्रभावकारी बनाउन निर्देशन दिए । 'सरकारका सबै निकायले आ–आ नो भूमिकाअनुसार बजार अनुगमनमा काम गर्न अनुरोध गर्दछु,' प्रधानमन्त्रीले भने, 'राज्यका सबै निकाय परिचालन गरेर बजार अनुगमन, नियमन तथा अनुचित व्यापारिक क्रियाकलापको नियन्त्रणलाई सघन बनाउन जरुरी छ ।' प्रधानमन्त्री देउवाले चाडपर्व लक्षित बजारअनुगमन र स्वच्छ बजारका लागि काम गर्न १२ बुँदे निर्देशन पनि दिए । एकीकृत र संयुक्त बजार अनुगमन, विज्ञ परिचालन, कालोबजारी एकाधिकार रोक्ने, चाडपर्वको यात्रा सुरक्षित बनाउने लगायत छन् । छलफलमा अर्थमन्त्री जनार्दन शर्मा, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दिलेन्द्रप्रसाद बडु, भौतिक पूर्वाधार तथा यातायात मन्त्री मोहम्मद इस्तियाक राई, स्वास्थ्यमन्त्री भवानीप्रसाद खापुङ, प्रधानमन्त्री कार्यालयका राज्यमन्त्री उमेश श्रेष्ठ सहभागी थिए । यस्तै गृह सचिव विनोद सिंह, अर्थसचिव कृष्णहरि पुष्कर, उद्योग सचिव तोया नारायण ज्ञवाली, वाणिज्य तथा आपूर्ति सचिव तोयम राया पनि बैठकमा सहभागी थिए ।

**यस्ता छन् प्रधानमन्त्रीको १२ बुँदे निर्देशनः**

१. बजार अनुगमन, गुण नियन्त्रण तथा उपभोक्ता हित संरक्षणको जिम्मेवारी प्राप्त गरेका वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग,नेपाल गुणस्तर तथा नाप तौल विभाग, यातायात व्यवस्था विभाग, पशु सेवा विभाग, औषधि व्यवस्था विभाग र कृषि विभागले आफू र मातहत कार्यालयहरू समेत परिचालन गरी बजार अनुगमन, नियमन तथा अनुचित व्यापारिक क्रियाकलापको नियन्त्रणलाई सघन बनाउने ।

२. बजारका बहुपक्षीय विषयको अनुगमन गर्दा सम्बन्धित विषयविज्ञ सहितको संयुक्त बजार अनुगमन टोलीले बजारको अनुगमन गर्ने र त्यस्तो टोलीको संयोजन तथा नेतृत्व वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले गर्ने व्यवस्था मिलाउने ।

३. जिल्ला प्रशासन कार्यालयहरू र मातहतका इलाका प्रशासन कार्यालयहरूले स्थानीयस्तरमा खाद्यान्न, माछामासु लगायतका मालवस्तुको खरिद बिक्रीमा हुनसक्ने मिलेमतो, कार्टेलिङ, सिण्डिकेट रकालो बजारी जस्ता क्रियाकलापलाई नियन्त्रण गर्न चाडपर्वको अवसरमा अनुगमनलाई सघन तुल्याउने।

४. यातायात व्यवस्था विभागले यात्रुहरूको सुरक्षित र भरपर्दो यातायात सुविधाको सुनिश्चितता गर्ने । साथै सबै बसपार्क तथा प्रमुख नाकाहरूमा अनुगमन गरी सार्वजनिक यातायातका सवारी साधनले तोकिएभन्दा बढी भाडा नलिएको र क्षमता भन्दा बढी यात्रु नबोकेको सुनिश्चितता गर्ने । यस अतिरिक्त चाडपर्वको अवसरमा सञ्चालन हुने यातायात साधनको अवस्था सम्बन्धमा छड्के रूपमा प्राविधिक परीक्षण गरी सवारी साधनको अवस्था दुरुस्त रहे नरहेको जाँच पड्ताल गर्ने प्रबन्ध मिलाउने ।

५. पशुसेवा विभाग र मातहतका कार्यालयहरूले हाटबजार तथा स्थानीस्तरमा हुने पशुपन्छी खरिद बिक्रीको अनुगमन गरी त्यसरी बिक्री वितरण भइरहेका पशुपन्छीहरू स्वस्थ रहेको सुनिश्चितता गर्ने ।

६. कृषि विभाग तथा कृषि ज्ञानकेन्द्रले तरकारी तथा फलफूलको थोक तथा खुद्रा बिक्री केन्द्रको निरीक्षण गरी विषादी रहित तरकारी तथा फलफूल मात्र बिक्री वितरणको सुनिश्चितता मिलाउने । तरकारी तथा फलफूलमा जथाभावी विषादी मिसाउने उपर कडा कानुनी कारवाही गर्ने ।

७. बजारमा बिक्रीका लागि राखिएका माल वस्तुको तोकिए बमोजिमको गुणस्तर छ छैन र प्रयोगमा रहेका नापतौल उपकरणहरू मान्यता प्राप्त छन्/छैनन् अनुगमन गरी गुणस्तरीय आपूर्तिको सुनिश्चितता गर्न वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको संयोजकत्वमा नेपाल गुणस्तर तथा नापतौल विभागले अनुगमन गर्ने ।

८. राजमार्ग तथा प्रमुख शहरी केन्द्रमा सञ्चालित होटल तथा रेष्टुरेन्ट व्यवसायले बिक्रीका लागि राखेको तयारी खाद्य वस्तु खानयोग्य र स्वस्थकर छ छैन भन्ने विषयमा वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको संयोजकत्वमा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले सघन अनुगमन गर्ने ।

९. बजारमा डेंगु तथा कोभिड–१९ लगायतका रोगहरूसँग जुध्नको लागि अत्यावश्यक मानिएका आधारभूत औषधिहरूको पर्याप्त उत्पादन, सहज आपूर्ति र बिक्री वितरणको सुनिश्चितता गर्नस्वास्थ्य तथा जनसंख्या मन्त्रालय र औषधि व्यवस्था विभागले संयुक्त रूपमा अनुगमन गर्ने ।

१०. चाडपर्वको बेलामा बजारमा हुनसक्ने भीडभाडसँगै चोरी, लुटपाट जस्ता गतिविधिलाई पूर्ण नियन्त्रणमा राख्न संवेदनशील क्षेत्रमा अतिरिक्त संख्यामा सुरक्षाकर्मी परिचालन गर्नुका साथै आम नागरिकलाई समेत सजग र सचेत गराउन गृह मन्त्रालय र मातहतका जिल्ला प्रशासन कार्यालयहरूले चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने । कहीं कतै अवाञ्छित गतिविधि हुन लागेमा नजिकको प्रहरी वा प्रहरीको टोलफ्री नम्बर १०० मा फोन गर्न आम जनतालाई अनुरोध गर्ने ।

११. बजार अनुगमन र उपभोक्ताको हित संरक्षणका लागि सबै प्रदेश सरकार तथा स्थानीय तहलाई पूर्ण परिचालन गराउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आवश्यक समन्वय र सहजीकरण गर्ने ।

१२. सरकारले चाडपर्वहरूलाई लक्षितगरी खोलेको सहुलियत पसलहरूबाट बढी भन्दा बढी सर्वसाधारणले लाभ लिनसक्ने गरी प्रबन्ध मिलाउने तथा यसको आवश्यक प्रचार प्रसार गर्ने कार्य उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले मिलाउने । (साभार–अनलाइनखबर)

महत्वपुर्ण नेतृत्वहरू विभिन्न महिला समूहका युवाहरू माओवादीमा प्रवेश गरेका थिए । देशको परिवर्तनको मुलधारको नेतृत्व अध्यक्ष का प्रचण्ड र माओबादी पार्टी नै भएको भन्दै उनीहरु माओवादीमा प्रवेश गरेका बताएका छन् ।

## जैतापुर–रामनगर..........

मिटर लम्बाई दुई लेन गरि करिब ४० करोडको लागतमा निर्माण हुने लागेको हो ।

यस्तै पसाहा नदिकै खम्वा र मधुवन जोड् पुल निर्माणका लागि यसअघि गत भदौ २६ गते नै सडक डिभिजन कार्यालय हेटौडाले ठेक्काको लागि बोलपत्र आवहान गरिसकेको छ । यो क्षेत्रमा करिब १०५ मिटर लम्बाईको दुई लेन पुल करिब साढे २६ लाखमा निर्माण हुने जनाईएको छ ।

# जब हिरासतमा रहेका व्यक्तिको नाममा गाँजाको पार्सल आयो'

काठमाण्डौ, ९ असोज ।

मण्डनदेउपुर–७, काभ्रेपलाञ्चकका मनोज राईलाई प्रहरीको लागूऔषध नियन्त्रण ब्युरो, कोटेश्वरले २० भदौमा हुलाकबाट आएको ३ किलो ७० ग्राम लागूऔषध गाँजासहित पक्राउ गर्‍यो । अमेरिकाबाट आएको पार्सलमा गाँजा भेटिएपछि प्रहरीले उनलाई पक्राउ गरेको थियो । तर हिरासतम रहेका बेला उनको नाममा पुनः अमेरिकाबाट अर्को पार्सल आएको भेटिएको छ ।

लागूऔषध नियन्त्रण ब्यूरोका एसपी योगेन्द्र तिम्सिनाका अनुसार अमेरिकाबाट आएको लुगाको पार्सलभित्र लुकाएको अवस्थामा एक किलो ३३० ग्राम लागूऔषध गाँजा बरामद भएको हो । 'अमेरिकाबाट आएको सर्ट, जिन्स लगायतमा गाँजा भेटिएको हो', एसपी तिम्सिनाले भने । केही अघि पक्राउ परेका व्यक्तिकै नाममा पार्सल आएपछि गोश्वारा हुलाक कार्यालय, डिल्लीबजारले लागूऔषध नियन्त्रण ब्यूरोलाई खबर गरेको थियो । त्यसक्रममा थप गाँजा पनि बरामद भएको प्रहरीले जनाएको छ । (साभार–अनलाइनखबर)

## प्रचण्डसँग भेटेका .....

नरहने गरी कारबाही गरेको थियो । त्यो कारबाही अझै फिर्ता भएको छैन । 'म माथि भएको कारबाही फिर्ता गर्न हामीले कांग्रेस नेतृत्वसँग माग गरेका छौं,' मेयर क्षेत्रीले भने, 'पार्टीले सम्मानसहित हामीमाथिको कारबाही फिर्ता गर्नुपर्छ । त्यो भएन भने संघ र प्रदेशको निर्वाचनमा पनि हाम्रो समूहबाट उम्मेदवारी दिने विषयमा छलफल गरिरहेका छौं ।' यस विषयमा केही दिनअघि आफ्नो समूहमा छलफल भएको र दुई चार दिनपछि पुनः छलफल गरेर निर्णयमा पुगिने उनले बताए ।

'आगामी निर्वाचनमा उम्मेदवारी दिने विषयमा मैले व्यक्तिगत निर्णय गर्ने होइन । हाम्रो टिम बसेर निर्णय गर्छ,' यही असोज १२ र १३ गते बस्ने हाम्रो बैठकमा आगामी निर्वाचनमा स्वतन्त्र उम्मेदवारी दिने कि अन्य दलका उम्मेदवारलाई सहयोग गर्ने भन्ने टुंगो लाग्छ ।' तर, माओवादी केन्द्र महोत्तरीका एक नेताले भने मेयर क्षेत्री माओवादीमा प्रवेश गर्ने विषयमा माथिल्लो नेतृत्वसँग छलफल चलिरहेको दाबी गरे । 'मेयर क्षेत्रीले एकदुई दिनअघि प्रचण्डलाई भेट्नु भएको कुरा आएको छ । उहाँ माओवादीमा प्रवेश गर्नुभयो भने आश्चर्य नमाने हुन्छ ।'

सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक
Shubham Sandesh शुभम सन्देश
National DAILY दैनिक



# निर्वाचनका लागि म्यादी प्रहरीको छनोट सुरु




काठमाण्डौ, ९ असोज ।

केन्द्रीय सुरक्षा समितिले आगामी मंसिर ४ मा हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा खटिने म्यादी प्रहरीको छनोट सुरू गरेको छ। सुरक्षा समितिले निर्वाचनमा १ लाख १५ हजार म्यादी प्रहरी परिचालन गर्ने तयारी गरेको छ । योसँगै समितिले छनोट प्रारम्भ गरेको हो ।

समितिले भदौ ३० देखि असोज ६ सम्म म्यादी प्रहरीका लागि आवेदन दर्ता गर्न आग्रह गरेको थियो भने भदौ ७ मा सम्पर्क मिति तय गरेको थियो । समितिले असोज ९ देखि १४ सम्म म्यादी प्रहरीको छनोट गरेर असोज २५ मा नतिजा प्रकाशन गर्ने गरी कार्यतालिका बनाएको छ ।

छनोट भएका म्यादीलाई असोज २७ र २८ मा नियुक्तिपत्र दिइने र असोज ३० बाट कात्तिक ८ सम्म तालिम सम्पन्न गर्ने तयारी सुरक्षा समितिले गरेको छ । त्यसलगत्तै नेपाल प्रहरीको नेतृत्वमा म्यादी प्रहरी सुरक्षा ड्युटीमा खटिनेछन् । उनीहरूलाई निर्वाचन सकिएको ४ दिनपछि मंसिर ८ मा प्रमाणपत्र दिएर बिदाइ गर्ने तालिका तय भएको छ । (साभार–रातोपाटी)

# १५ दिनभित्र लिखित जवाफ पेश गर्न राष्ट्रपति कार्यालयलाई सर्वोच्चको निर्देशन




काठमाण्डौ, ९ असोज । नागरिकता विधेयक प्रमाणीकरणमा सम्बन्धमा परेको रिटमाथि प्रारम्भिक सुनुवाइ गर्दै सर्वोच्च अदालतले कारण देखाउ आदेश दिएको छ । आइतबार न्यायाधीश हरिप्रसाद फुयालको एकल इजलासले राष्ट्रपति कार्यालयलाई कारण देखाउ आदेश जारी गरेको हो । अधिवक्ता सुनिल रञ्जन सिंहले नागरिकता विधेयक प्रमाणीकरण नगरी राष्ट्रपतिले संविधानको गम्भीर उल्लंघन गरेको भन्दै परमादेश मार्फत् प्रमाणीकरण गर्नका लागि सर्वोच्च अदालतमा रिट दर्ता गराएका थिए । सोही रिटमाथि सुनुवाइ गर्दै न्यायाधीश फुयालको एकल इजलासले नागरिकता विधेयक प्रमाणीकरण नगर्नुको कारण पेस गर्न आदेश दिएको हो । अदालतले बाटाको म्यादबाहेक १५ दिनको समय दिएर महान्यायाधिवक्ता कार्यालयमार्फत लिखित जवाफ पेश गर्न आदेश दिइएको छ । सर्वोच्चले यो विषय सार्वजनिक महत्वको विषय रहेको भन्दै चाँडो निर्णयमा पुग्नुपर्ने भएकाले अग्राधिकार प्रदान गर्ने निर्णय समेत गरेको छ । (साभार–रातोपाटी)

# आचारसंहिता व्यवहारिक बनाउन निर्वाचन आयोगलाई नेताहरुको सुझाव

काठमाण्डौ, ९ असोज ।

राजनीतिक दलका नेताहरुले निर्वाचन आचारसंहितालाई व्यवहारिक बनाउन निर्वाचन आयोगलाई आग्रह गरेका छन् । ४ मंसिरमा हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनको आचारसंहितामा हस्ताक्षर गर्न निर्वाचन आयोग पुगेका दलका नेताहरुले उम्मेदवारले गर्ने निर्वाचन खर्च, प्रचारप्रसारको समय सीमा लगायतका विषयलाई समय सुहाउँदो व्यवहारिक बनाउन सुझाव दिएका हुन् ।




उनीहरुले मन्त्री अर्थात कार्यकारी हुनुको कारणले निर्वाचन प्रचारमा जान रोक्ने काम राजनैतिक अधिकार विरुद्ध भएको भन्दै सरकारी सेवा सुविधा प्रयोग नगर्ने गरी प्रचार प्रसारमा सहभागी हुन पाउने व्यवस्था गर्न आयोगको ध्यानाकर्षण गराएका हुन् । भौगोलिक क्षेत्र र सुगतमा हेरेर निर्वाचन खर्चको सीमा निर्धारण गर्नुपर्ने सुझाव पनि नेताहरुले दिएका छन् । आयोगसँगको छलफलपछि सञ्चारकर्मीलाई संक्षिप्त प्रतिक्रिया दिँदै नेकपा (माओवादी केन्द्र) का नेता लीलामणि पोखरेलले यसअघि आफूहरुले आचारसंहितामा परिमार्जन गर्न दिएका सुझाव अहिले पनि कायम नै रहेकाले त्यसलाई व्यवहारिक हुने गरी संशोधन गर्न सुझाव दिएको बताए । उनले मन्त्री वा कार्यकारी हुनुको कारणले निर्वाचन प्रचारप्रसारमा रोक्न नमिल्ने बताए ।

लोसपाका नेता केशव झाले निर्वाचन प्रचारप्रसारमा मन्त्री प्रधानमन्त्री पनि जान पाउने विषयलाई व्यवहारिक बनाउने, खर्चको सीमा लगायतका विषयलाई संसोधन गर्न सुझाव दिएको बताए । त्यस्तै निर्वाचन आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले आचारसंहिताका बारेमा राजनीतिक दलहरूको फरक–फरक मत आएकाले आगामी दिनमा पनि दलहरूको परामर्श र सरसल्लाहमा सहजीकरण गर्दै जाने प्रतिवद्धता प्रमुख आयुक्तले व्यक्त गरेको बताए ।

आचारसंहितामा हस्ताक्षर गर्न आयोग पुगेका प्रधानमन्त्री शेरबहादुर देउवाले धन्यवाद व्यक्त गरेको र अन्य केही दलहरुले आचारसंहितामा हस्ताक्षर गर्दै व्यवहारिक बनाउन सुझाव दिएको जानकारी उनले दिए । (न्युज एजेन्सी नेपाल)

# कैलालीमा बाढी, फसेका २८ जनाको उद्धार

कैलाली, ९ असोज ।

अविरल वर्षापछि कैलालीको मोहना र खुटिया नदीमा बाढी आउँदा फसेका २८ जनाको उद्धार गरिएको छ । धनगढी उपमहानगरपालिका–१८, नुक्लीपुरस्थित मोहना र खुटिया नदीको दोभानमा आइतबार साँझ करिब ६ बजे अचानक बाढी आउँदा उनीहरु फसेका हुन् ।



धनगढी उपमहानगरपालिका १८ का वडाध्यक्ष भुवन रिजालका अनुसार फूलबारी डिपो बजारभन्दा २ किलोमिटर पश्चिममा पर्ने सो दोभान क्षेत्रमा फसेका उनीहरुलाई उद्धारको प्रयास भइरहेको छ । उनका अनुसार पहिलो लटमा १५ र दोस्रो लटमा १३ गरी २८ जनाको उद्धार गरिएको हो ।

उद्धारका लागि नेपाल प्रहरी, सशस्त्र प्रहरीको टोली परिचालन भएको उनले जानकारी दिए । नदी पारी गाईबस्तु चराउन गएका तथा भारत गएकाहरु फर्किने क्रममा नदीमा फसेका हुन् । (साभार–रातोपाटी)

## कोल्हबी नगरपालिकाको कार्यालय, बाराद्वारा जनहितमा जारी

### डेंगीबाट बच्ने उपायहरू

- विहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाइबाट डेंगी लाग्न सक्दछ ।
- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- अध्याँरा कुना–काप्चामा किटनाशक औषधि छर्कने गरौं ।
- कम्तिमा हप्ताको एक पटक एयर कुलर, पानी टयांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं ।

## सुवर्ण गाउँपालिकाको कार्यालय, बाराद्वारा जनहितमा जारी

### डेंगीबाट बच्ने उपायहरू

- विहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाइबाट डेंगी लाग्न सक्दछ ।
- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- अध्याँरा कुना–काप्चामा किटनाशक औषधि छर्कने गरौं ।
- कम्तिमा हप्ताको एक पटक एयर कुलर, पानी टयांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं ।

## विश्रामपुर गाउँपालिकाको कार्यालय, बाराद्वारा जनहितमा जारी

### डेंगीबाट बच्ने उपायहरू

- विहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाइबाट डेंगी लाग्न सक्दछ ।
- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- अध्याँरा कुना–काप्चामा किटनाशक औषधि छर्कने गरौं ।
- कम्तिमा हप्ताको एक पटक एयर कुलर, पानी टयांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं ।

## फेटा गाउँपालिकाको कार्यालय, बाराद्वारा जनहितमा जारी

### डेंगीबाट बच्ने उपायहरू

- विहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाइबाट डेंगी लाग्न सक्दछ ।
- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- अध्याँरा कुना–काप्चामा किटनाशक औषधि छर्कने गरौं ।
- कम्तिमा हप्ताको एक पटक एयर कुलर, पानी टयांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं ।

## ब्यक्तिगत घटना दर्ता समय मै गर

जन्म, मृत्यु, बसाई सराई, विवाहोर सम्बन्ध विच्छेद जस्ता ब्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिनभित्र आ–आफ्नो वडा कार्यालयमा गई निःशुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं ।

जीतपुरसिमरा उपमहानगरपालिका
जीतपुर, बारा

## ब्यक्तिगत घटना दर्ता समय मै गरौं

जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता ब्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिनभित्र आ–आफ्नो वडा कार्यालयमा गई निःशुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं ।

आदर्शकोतवाल गाउँपालिका
महेन्द्र आदर्श जयनगर चिउटाहा, बारा

## ब्यक्तिगत घटना दर्ता समय मै गरौं

जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता ब्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिनभित्र आ–आफ्नो वडा कार्यालयमा गई निःशुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं ।

कोल्हबी नगरपालिकाको कार्यालय
कोल्हबी, बारा